


वर्ष १ ● अङ्क ३७ ● ने.सं. ११४० गुंलाथ्व ७ (सप्तमि) ● वि.सं. २०७७ साउन १२ गते, सोमबार ● 2020 July 27, Monday ● पृष्ठ ८

अनलाइन संस्करण

# नगर प्रमुखद्वारा विभिन्न स्थानको स्थलगत निरीक्षण



केही दिन अघि निरन्तर पानी परेकोले कीर्तिपुर नगरपालिका वडा नं. ६ स्थित चोभारबाट चारघर जाने बाटो भासिएको छ । गत साउन १० गते शनिबार कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले सो क्षेत्रको स्थलगत निरीक्षण गर्नुभयो । निरीक्षण टोलीमा कीर्तिपुर नगरपालिका वडा नं. ६ का अध्यक्ष न्हुच्छे बहादुर महर्जन, वडा सदस्य मञ्जु बुढाथोकी र वडा नं. १ का अध्यक्ष हर्ष महर्जन लगायत हुनुहुन्थ्यो । करीब २ फुट जति बाटो भासिएकोले थप क्षति नहुनेगरी त्यसलाई मिलाउन नगर प्रमुख महर्जनले निर्देशन दिनुभयो ।

सोही क्रममा नगर प्रमुख महर्जनले वडा नं. ६ मै बन्दै गरेको लिच्छिविकालीन ऐतिहासिक मन्दिर जालन्धरको पनि निरीक्षण गर्नुभयो ।



जालन्धर मन्दिर दाँचिईंटाद्वारा परम्परागत शैलीमा बनाइँदै छ । त्यसैगरी निर्माणाधीन डा नं. ६ को वडा भवनको पनि नगर प्रमुख महर्जनले निरीक्षण गर्नुभयो । उक्त भवन गत जेठ १७ गते शनिबार काठमाडौं जिल्ला समन्वय समितिका सभापति शिव सुन्दर वैद्य, काठमाडौं जिल्ला समन्वय समितिका उप-सभापति सरिता दाहाल,कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन र उप-प्रमुख सरस्वती खड्का र वडा नम्बर ६ का वडा अध्यक्ष न्हुच्छे बहादुर महर्जनले संयुक्तरुपमा शिलान्यास गर्नुभएको थियो ।

हाल वडा भवन रहकै ठाउँ चोभारको जल विनायक गणेश मन्दिरको छेउमै बनाइएको उक्त वडा भवनको डिपिसी सम्पन्न भइसकेको छ ।

## सम्पादकीय

# जोखिम अझै बाँकी छ सावधानी अपनाऔं !

कोरोना भाइरस (कोभिड-१९) को नियन्त्रण र रोकथामका लागि भन्दै नेपाल सरकारले चार महिना अघिदेखि लगाएको देशव्यापी लकडाउन अन्त्यको घोषणा गरेको छ । लकडाउन अन्त्यको घोषणासँगै देशका अन्य शहरहरू जस्तै कीर्तिपुर लगायत काठमाडौं उपत्यकाका सबै शहरहरू पुरानै अवस्थामा फर्किएका छन् । नागरिकहरूको चहलपहल ह्वात्तै बढेको छ । सरकारले लकडाउन अन्त्य गर्नु भन्दा अगाडि लकडाउन खुकुलो गरेसँगै नेपालका प्रायजसो शहरी क्षेत्रमा कोरोना सङ्क्रमित हुने सङ्ख्या दैनिकजसो थपिएका छन् । देशभर हालसम्म १८ हजार ६ सय १३ जना सङ्क्रमित भइसकेका छन् भने ४५ जना कोरोनाकै कारण मृत्यु समेत भइसकेको अवस्था छ ।

कोरोना नियन्त्रण र रोकथामको एकमात्र विकल्प सधैंभरि लकडाउन थिएन । त्यसैले अहिले सरकारले लकडाउन अन्त्य गरेको छ । लकडाउन नभए तापनि कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि जनसमुदायले आफू, आफ्नो परिवार र समुदायको सुरक्षाका पर्याप्त उपायहरू अपनाउनु जरुरी छ । लकडाउनको अन्त्यको घोषणासँगसँगै सार्वजनिक यातायात पनि सञ्चालन गर्ने निर्णय गर्दा कोरोना सङ्क्रमणको त्रास र जोखिम अझ बढेको छ । त्यसमा पनि मास्क नलगाउने, मापदण्ड अनुसार आवश्यक भौतिक दूरी कायम नगर्ने, विभिन्न बहानामा भीडभाड गर्ने जस्ता काम सर्वत्र शुरु भएको छ । अझ साउन लागेसँगै नेवार जाति र नेवार संस्कृति बाहुल्य भएको हाम्रो नगरपालिकामा चाडबाडको मौसम समेत शुरु भएकोले सङ्क्रमणको जोखिम र त्रास अझ बढेको छ । नेपाल सरकारले बिना तयारी र योजना हतारमा लकडाउन गर्दा कोरोना प्रभाव नपरेका क्षेत्रको पनि आर्थिक गतिविधि प्रभावित हुन पुग्यो । जसको कारण समग्र राष्ट्रले ठूलो आर्थिक नोक्सानी बेहोर्नु पर्‍यो । अहिले लकडाउन किन घोषणा गरियो यसको अन्त्य किन गरियो भन्ने प्रश्नको चित्त बुझ्दो जवाफ नेपाली नागरिकले अझै पाउन सकेका छैनन् । यसबीच जति नै लकडाउन गरे पनि सङ्क्रमणको दर घटेन ।

कोरोना भाइरसले कसैको शरीरमा वा घरमा आफै प्रवेश गर्दैन । त्यो व्यक्ति स्वयंको असावधानीले मात्र प्रवेश गर्ने हो । अब लकडाउन हटिसकेको अवस्थामा हामी जनता आफैंले आफ्नो सुरक्षा गर्नु र त्यसका लागि आवश्यक सावधानी अपनाउनुको विकल्प छैन । हालै देखिएका परिदृश्यहरू वास्तवमै चिन्ताजनक छन् । यसमा सुधार ल्याउन र जोखिमबाट बच्न सचेत र सतर्क रहनुको विकल्प छैन । त्यसैले लकडाउन अन्त्य गरिए पनि भाइरस सङ्क्रमणको जोखिम कायमै रहेकोले नगरपालिकाको तर्फबाट नगर सन्देश परिवार अत्यावश्यक काममा बाहेक घरबाट ननिस्कन, भीडभाड नगर्न, आवश्यक दूरी काम गर्न, नगरी नहुने सामाजिक, धार्मिक तथा साँस्कृतिक लगायतका कार्यहरू कम भन्दा कम व्यक्ति मात्र सहभागी भएर सम्पन्न गर्न, नियमित साबुन पानीले हात धुन वा गुणस्तरीय स्यानिटाइजर आवश्यकतानुसार प्रयोग गर्न, बाहिरबाट कुनै व्यक्ति आफ्नो टोल वस्तीमा आएमा तिनलाई क्वारेन्टिनमा बसाल्न तथा नगरपालिका वा सुरक्षा निकायमा खबर गर्न जस्ता सङ्क्रमणबाट बच्ने उपायहरू अवलम्बन गरी नागरिक दायित्व निर्वाह गर्न सम्पूर्ण कीर्तिपुरबासीमा हार्दिक अपिल गर्दछ ।

# कौसी खेती - १

**प्रा.डा. धर्मराज डंगोल**

**कौसी खेती के हो ?**

घरको कौसीमा, छत, कौसीको भऱ्याङ्ग र बरण्डालगायत स्थानमा गरिने तरकारी, फलफूल, फूलको खेती नै कौसी खेती हो । कौसी खेतीलाई अंग्रेजीमा टेरेस गार्डेनिङ्ग (Terrace Gardening) वा रुफटप गार्डेनिङ्ग (Rooftop Gardening) पनि भनिन्छ । गार्डेनिङ्ग भनेको गार्डेन बनाउने, गार्डेन भनेको उद्यान हो, बगैंचा हो, फूलवारी हो । बगैंचामा हामी रमाउन सक्छौं, वनस्पतिलाई माया गर्न पनि सक्छौं र कथा भन्न सक्छौं, गीत पनि गाउन सक्छौं । हामीलाई बगैंचामा डुल्दा केही गरौं न त भन्ने प्रेरणा मिल्छ, कसैको लागि फुल्न पनि मन लाग्छ, हौसला मिल्छ । मन प्रफुल्ल बन्दछ । प्राकृतिक मनोरमका कारण हाम्रो मनलाई पुनर्ताजगी बनाउन सहयोग पुग्दछ ।

**कौसी खेती किन गर्ने ?**

कौसी खेतीगर्दा घरको लागि आवश्यक पर्ने तरकारी, फलफूल र फूल घरमा आफैंले उत्पादन गर्न सकिन्छ । तरकारी उत्पादन हुँदा हाम्रो किन्ने पैसा बच्छ, किन्न जाने समयको बचत पनि हुँदोरहेछ । सुन्तला, मुन्तला, किवि, अँगुर, प्यापीयो मेलन, ड्रागन फल कौसीमा फल्दा ताजा फलको रसस्वादन गर्न पाइने भयो । फूलहरू आफ्नै कौसीमा फूलाउँदा कौसीको शोभा नै अर्कै हुने भयो, पुजापाठ गर्नेहरूलाई देवी देवतालाई चढाउन मिल्ने भयो, फूल किन्न जाने समय बच्ने भयो, पैसा पनि बच्ने भयो । कौसी खेतीगर्दा आवश्यक मल घरको फोहोरबाट, भान्छाकोठाको तरकारी काट्दा निस्केका कुहिने वस्तुहरूको उचित व्यवस्थापन गरी राम्रो झोल मल र ठोस मल बनाउन सकिने भयो । प्रयोगमा ल्याइसकेका सामानहरू पुनःप्रयोगमा ल्याउन सकिने भयो । कौसी खेतीगर्नेहरूको घरको वातावरण स्वस्थ र हरभरा भएको हुन्छ । अनि कामगर्न सक्ने मानव संसाधनको उचित सदुपयोग हुँदो रहेछ । साना साना बच्चाहरूले कसरी पानी दिने, कसरी गोडमेल गर्ने, फलेको तरकारी र फलफूल कसरी टिप्ने र प्रयोग गर्ने जस्ता कुराको ज्ञान हासिल गर्न सक्छन् । जेष्ठ नागरिकहरूले पनि आफूमा भएका ज्ञान, सीप र प्रविधिलाई उतार्ने एउटा कार्यशाला बनाउन सक्छन् । हल्का ब्यायाम गर्ने थलो हुनसक्छ, डिप्रेसनलाई परास्त गर्न कौसी बगैंचा अस्पताल हुनसक्छ, आफूलाई स्वास्थ राख्न आवश्यक पर्ने केही जडिबुटी उद्यान पनि हुन सक्दछ ।

**कौसी खेती कसरी गर्ने ?**

कौसी खेती गर्ने विभिन्न तरिकाहरू छन् । आफैले बीउ उमार्ने, बेर्ना तयार गर्ने, आफूसँग भएका पुराना भाँडाकुँडा, बोरा, जुत्ता, पाइन्ट, गमला र बोटल लगायतका वस्तुहरूमा लगाउने । गोडमेल गर्ने, मलजल दिने । तरकारी फलफूल टिप्ने, उचित तरिकाले तरकारी भान्छामा लगेर स्वादिलो तरकारी बनाउने र खाने । समय समयमा झारपात निकालिदिने, जैविक विषादी बनाई रोग किराको व्यवस्थापन गर्ने गर्नु पर्दछ । केही केही फलफूलका बेर्नाहरू नर्सरीबाट, साथीहरूको बाट ल्याई लगाउन सकिन्छ । एउटा गमला अथवा कन्टेनरमा एउटा मात्र बोट रोपेर अथवा दुई वा दुईभन्दा बढी भिन्नाभिन्नै बोट/बेर्नाहरू रोपेर पनि कौसी खेती गर्न सकिन्छ । गमला अथवा कन्टेनर विभिन्न ठाँउमा राख्दा राम्रो देखिने, सबै बोट विरुवा राम्ररी देखिने गरी सजाएर राख्नु पर्दछ ।

> ## मेरो धारणा
>
> 
>
> कौसी खेतीबाट हामीले ताजा तरकारी, फलफूल प्राप्त गर्न सक्छौं । घरको जैविक फोहोरहरूबाट मल बनाउने भएकोले फोहोरको उचित व्यवस्थापन हुने भयो साथै मल पनि किन्न नपर्ने भयो । तरकारी र चामल पखालेको पानी कौसी खेतीमा काम लाग्ने भयो । ट्वाक, भाँडाकुँडामा बोट विरुवा रोप्न पुनःप्रयोग गर्न सकिने भयो ।

**कौसी खेतीका फाइदाहरू छन् ?**

कौसी खेतीबाट हामीले ताजा तरकारी, फलफूल प्राप्त गर्न सक्छौं । घरको जैविक फोहोरहरूबाट मल बनाउने भएकोले फोहोरको उचित व्यवस्थापन हुने भयो साथै मल पनि किन्न नपर्ने भयो । तरकारी र चामल पखालेको पानी कौसी खेतीमा काम लाग्ने भयो । ट्वाक, भाँडाकुँडामा बोट विरुवा रोप्न पुनःप्रयोग गर्न सकिने भयो । परिवारको समय र स्रोतको सदुपयोग गर्न सकिने भयो । घरको सौन्दर्य बढ्नुका साथै हल्का व्यायाम हुने भयो, आफूले लगाएको तरकारी फलफूल फल्दा मन औधी रमाउँछ र खुशी प्राप्त हुनेछ । कौसी खेतीगर्दा ज्ञान, सीप र प्रविधिको जानकारी प्राप्त हुने भयो । यसले गर्दा एउटा सिकाई केन्द्रको रुपमा विकास हुन्छ । कौसी खेती गर्दा परिवारको सदस्यको विचमा, छिमेकीको विचमा, कौसी खेती गर्नेहरूको र सरकार, शिक्षक, प्राध्यापक, विद्यार्थी अनुसन्धानकर्ताहरूसँग सञ्जाल निर्माण हुनुको साथै सामाजिक सौहार्दता प्रस्फुटन हुन जान्छ ।

**क्रमशः**

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं ।*

# कीर्तिपुर नगरपालिकामा नयाँ पार्कको अवधारणा प्रस्तुत

कीर्तिपुर नगरपालिका वडा नं. ३ स्थित दीखु माथिको भागमा पार्क बनाउनेबारे छलफल सम्पन्न भएको छ। सो स्थानमा शहीदहरूको स्मृतिमा राराहिल शान्ति पार्क बनाउने उद्देश्यले शहीद स्तम्भ राखिएको हो।

कीर्तिपुर नगरपीलका वडा नं. २ को देवढोका क्षेत्र समेत समेटिने उक्त पार्क बनाउन के कस्तो गर्नु पर्दछ भनी हिजो साउन ११ गते कीर्तिपुर नगरपालिका भवनमा एक कार्यक्रम भएको थियो । कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनको





प्रमुख आतिथ्यमा सम्पन्न छलफल कार्यक्रममा पार्कको डिजाइन पनि प्रस्तुत गरिएको थियो।

उक्त ठाउँमा राराहिल शान्ति पार्क बनाउन सके कीर्तिपुरको आर्थिक उन्नति समेत हुने भएकोले यस विषयमा थप छलफल गर्ने बताइएको छ।

कार्यक्रममा कीर्तिपुर नगरपालिका वडा नं. २ का अध्यक्ष रमेशमान डंगोल वडा नं ३ का अध्यक्ष राजेन्द्र महर्जन लगायत वडा सदस्यहरू समेत उपस्कि उपस्थिति रहेको थियो।



# नगर प्रमुखं हिदान यानादिल




किपू नगरपालिकाया प्रमुख रमेश महर्जनं ३० क्वः खुशि हिदान यानादीगु दु। किपू नगर पालिका वडा नं. ४ पुष्पलाल स्मृति पार्क, चम्पादेवी हिदान यानादीगु खः।

नेपाल कम्यूनिष्ट पार्टीया संस्थापक मू-छ्याञ्जे क. पुष्पलाल श्रेष्ठया ४२ क्वःगु लुमन्ति न्हिसं स्थानीय पुष्पलाल स्पोर्टस् क्लबया ग्वसालय् जूगु हिदान ज्याझ्वलय् प्रमुख महर्जनं हिदान यानादीगु खः।

## जात्रा पर्व हनेगु बारे किपू नगरपालिकाया

## हथायगु सुचं

नेवाःतय्‌गु मौलिक नखःत गथांमुगःनिसें शुरु जुइगुलिं कोरोना भाइरस (कोभिड-१९) या हुनिं थुगु किपू नगरपालिकाय् नखःचखःलिसें सापारू (सायाः) यात गुकथं हनेगु धइगु बारे किपू नगरपालिकां गथांमुगः चःन्हे (साउन ४ गते) खुन्हु नगरया सकल दाफा, भजन खलःया प्रतिनिधिपिनिगु दथुइ सहलहयासें थुगु इलय् पिहाँ वइगु लाखेयात हूलमूल मयासे जक पिकायेगु, सायाः खुन्हु मनू मदुगु छेँजःपिंसं साचा, गोसाईंचा छ्वयेगु, बाहाःचाः हिलेगु, फल्चाय् दाफा थायेगुयात सुरक्षाया उपायत नालाः निरन्तरता बीगु तर पिने थासं समेत स्वःवया हूलमूल जुइगु **मू जात्रा सायाः (धेपां धे धे, तिरकूलारकू, झ्याँय् झ्याँय् पापा) मयायेगु** खँ क्वःज्यूगु जूगुलिं सकलसित जानकारीया लागि इनाप याना।

**किपू नगरपालिका**
**द्यःध्वाखा, किपू**

## रेडियो शिक्षा कार्यक्रमको प्रशारण समय परिवर्तन बारे जरूरी सूचना

बिद्यार्थीबर्गको अनुरोधमा रेडियो शिक्षा कार्यक्रम मिति २०७७/४/६ गते देखि हरेक दिन बिहान ९ बजे देखि १२ बजे सम्म प्रशारण हुने व्यहोरा अनुरोध छ ।

तालिका
बिहान ९:०० बजे - कक्षा ६
९:३० - कक्षा ७
१०:०० - कक्षा ८
१०:३० - कक्षा ९
११:०० - कक्षा १०
११:३० - ईसिडि सहजीकरण छलफल
पुन: प्रशारण हरेक दिन साँझ ६ बजे देखि क्रमश: ।।

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**देवढोका, कीर्तिपुर**
सुचीदर्ता सम्बन्धी सुचना
(२०७७/०४/०८)

यस कार्यालयका लागि आ.ब.२०७७/७८ मा आवश्यक पर्ने तपशिल बमोजिमको कार्य गर्न सार्वजनिक खरिद ऐन,२०६३, नियमावली २०६४, परिच्छेद ३ को नियम १८ मा व्यवस्था भए अनुसार मौजुदा सुचि (Standing List) दर्ताका लागि यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र ( १५ औं दिन बिदा परेमा सो को भोलिपल्ट रु ११०) दर्ता शुल्क तिरी प्रत्येक सेवा तथा कार्यको लागि छुट्टा छुट्टै निवेदन सहित आपुर्ति गर्ने सामानको स्पेसिफिकेशन, संख्या, इकाई, दररेट लगायत अन्य सान्दर्भिक विषय समेत खुलाई खामबन्दी दर्ता गराउनुहुन सम्बन्धी सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

१. स्टेशनरी, मसलन्द, पत्र पत्रिका तथा पुस्तक आपुर्ति।
२. फोटोकपी तथा ब्याण्डिङ्ग, टाईप, प्रिन्ट आदि सम्बन्धी कार्य ।
३. छपाई सम्बन्धी सम्पुर्ण कार्य ।
४. फर्निचर तथा फर्निसिङ्गका सामान आपुर्ति र मर्मत संभार ।
५. परामर्श सेवा तथा सेवा करार सम्बन्धी सेवा ।
६. विज्ञापन तथा सूचना सम्बन्धी कार्य ।
७. विभिन्न विषयगत सफ्टवेयर सम्बन्धी कार्य ।
८. ईलेक्ट्रोनिक्सका सम्पुर्ण सामानहरु कम्प्युटर,प्रिन्टर, फोटोकपि मेसिन, ब्याट्री, यु.पी.एस. तथा विद्युतीय सामानहरु मर्मत, संभार तथा आपुर्ति।
९. भौतिक संरचनाको मर्मत सेवा तथा रंग रोगन सम्बन्धी ।
१०. ईन्धन आपुर्ति ।
११. सवारी साधन आपुर्ति, मर्मत संभार तथा पार्टपुर्जा आपुर्ति। (सवारी साधनको मर्मत दररेट, सर्भिसिङ दररेट र समय समयमा फेरिरहनु पर्ने सामान तथा पाटपुर्जाको दररेट सहित पेश गर्नु पर्नेछ ।)
१२. ईलेक्ट्रिकल तथा हार्डवेयरका सम्पुर्ण सामानहरु आपुर्ति ।
१३. मेशिन तथा उपकरणहरु आपुर्ति ।
१४. सरसफाई सम्बन्धी सामाग्री आपुर्ति ।
१५. भौतिक निर्माण सम्बन्धी कार्य ।
१६. स्वास्थ्य सेवासंग सम्बन्धित बस्तु, सेवा, औषधी, उपकरण, केमिकल्स आदि आपुर्ति ।
१७. कृषि तथा पशुपक्षीसंग सम्बन्धित बस्तु सेवा औषधी उपकरण केमिकल्स आदि आपुर्ति ।
१८. उल्लेखित सुचीमा समावेश नभएका तर नगरपालिकासंग सम्बन्धित वा आपुर्तिकर्ताले आपुर्ति गर्न चाहेको अन्य वस्तु तथा सेवाव आपुर्ति ।
१९. कार्यालयले आवश्यक ठानेमा प्रचलित कानून बमोजिम यस सूचनाको म्याद समाप्त भए पछि समेत सूचिकृत गर्न सक्नेछ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

**क) व्यवसाय संचालन ईजाजत दर्ता प्रमाण पत्रको प्रतिलिपी ।**
**ख) स्थायी लेखा नम्बर प्रमाणपत्र र मुल्यअभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।**
**ग) आर्थिक वर्ष २०७६/७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।**

**पुनश्च: प्राप्त दरखास्तहरु स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । सुचीकृत गर्दा आपुर्ति गरिने वस्तु/सेवाको दररेट समेत पेश गर्नु पर्नेछ र पेश भएको दररेटका आधारमा न्युनतम दररेटलाई आधार मानी खरिद प्रकृया अगाडि बढाईनेछ ।**

**कीर्तिपुर नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**देवढोका,काठमाडौ ।**

प्रमुख प्रशासकीय अधिकृत

# मैत्रीनगरया लँ त:बला: याइगु



किपू नगरपालिका वडा नं.२ मैत्रीनगरया लँ तःबलाः याइगु ज्या जूगु दु। कलंकी ढुङ्गा अड्डां किपू स्वाइगु थुगु लँ चीबलाः जुयाः वयेवनेत थाकुयाच्वंगु खः।

म्हिगः साउन ११ गते किपू नगर पालिकाया प्रमुख रमेश महर्जनया नेतृत्वय् २ नं. वडाया अध्यक्ष रमेशमान डंगोललिसें किपू नगरपालिका नक्शा शाखाया प्रमुख सुरज ओझां स्थलगत निरीक्षण यानादीगु खः। किपू नगरपालिका वडा नं २ या न्याम्हसिमा (नेपालभाषा एकेडेमि) पिचाइगु थुगु लँ ८ मिटर ब्याया जुइगु जानकारी ब्यूगु दु।

अथेहे वडा नं २ या न्याम्हसिमा (नेपालभाषा एकेडेमि) लिक्क च्वंगु शितल नगरया लँ नं स्तर उन्नति जुइगु जूगु दु। थुगु लँ नं म्हिगः साउन ११ गते किपू नगरपालिकाया प्रमुख महर्जनया नेतृत्वय् २ नं. वडाया अध्यक्ष डंगोललिसें किपू नगरपालिका नक्शा शाखाया प्रमुख ओझां स्थलगत निरीक्षण यानादीगु खः।

---

कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर काठमाडौं।

**सच्याईएको सम्बन्धमा**

यस नगरपालिकाद्वारा संचालन गरिने PCR ल्याबको लागि आवश्यक पर्ने REAL TIME PCR मेशिन एक थान खरिदको लागि शिलबन्दी बोलपत्र(KRM NO/ 1/ 2077/78) आव्हानको सुचना मिति २०७७/०४/०५ मा प्रथम पटक प्रकाशन भएको र उक्त सुचना पहिलो पटक प्रकाशित भएको मितिले सातौं दिन सम्म कार्यालय समय भित्र बोलपत्र फारम खरिद गर्न सकिने र आठौ दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र कीर्तिपुर नगरपालिकाको कार्यालयमा शिलबन्दी गरी दर्ता गराईसक्नु पर्ने हुनुपर्नेमा अन्यथा भएकोमा सच्याईएको छ।

---

## कीर्तिपुर नगरपालिका

**कोरोना भाइरस (COVID-19) को माहामारीमा राहत वितरण गर्न सहयोगका लागि अपिल !!!**

**बैंकको नाम**

**राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखा**

**खाताको नाम**

**कीर्तिपुर नगरपालिका आकस्मिक कोष**

**खाता नं.**

१७०००३०७०२०००२

---

किपू नगरपालिका
कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाण्डौं।
३ नं प्रदेश, नेपाल।

पत्र संख्या: ०७७/०७८
च.नं.: ११२
मिति: २०७७/०४/०९

सूचना ! सूचना !! सूचना !!!

**कार्यालयमा प्रथम पटक प्रकाशित मिति २०७७/०४/०९ गते**

यस कीर्तिपुर नगरपालिकाको चालु आ.व. २०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार कीर्तिपुर नगरपालिका र कीर्तिपुर अस्पतालको साझेदारीमा स्वास्थ्य उपचार बीमा गर्न लागिएकोले बीमा गर्न इच्छुक कीर्तिपुर नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने बासिन्दाहरूले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साइजको फोटो २ प्रति सहित सम्बन्धित वडामा यो सूचना प्रकाशित भएको १५ दिनभित्र निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै बिमा शुल्क रु १३००/- मध्ये सम्बन्धित व्यक्तिले रु ११००/- र नगरपालिकाको तर्फबाट रु २००/-उपलब्ध हुनेछ।

पुनश्च: थप जानकारीको लागि नगर प्रमुख सचिवालयमा सम्पर्क गर्नुहोला।

२०७७/०४/०९
कीर्तिपुर नगरपालिका
कीर्तिपुर -२, देवढोका।
प्रमुख प्रशासकीय अधिकृत



**कडा निरीक्षण** : कीर्तिपुर नगरपालिकाका बाटो ढलानका योजनाहरू ठीक छ/छैन भनी कीर्तिपुर नगरपालिकाको नयाँ भवन अगाडिकै ढलान नै प्वाल पारी निरीक्षण गर्दै कीर्तिपुर नगरपालिकाका कर्मचारीहरू। नगरपालिकाले सबै ढलान गरेका बाटाहरूमा यसरी नै प्वाल पारेर निरीक्षण गरिरहेको छ। *तस्बिर : ज्ञानकुमार महर्जन*

## कीर्तिपुर नगरपालिका
## कीर्तिपुर नगरकार्यपालिकाको कार्यालयको
### सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः २०७७/०३/२९)

यस नगरपालिका अन्तर्गतको तपसिल योजना सिलवन्दी बोलपत्रद्वारा निर्माण गर्नु परेकोले ईच्छुक निर्माण व्यवसायीहरुबाट चालु आर्थिक वर्षका लागि नवीकरण भएको इजाजत पत्र, सम्वन्धित स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाण पत्र, फर्म कम्पनी दर्ता प्रमाण पत्र, आ.व. ०७५/०७६ सम्मको कर चुक्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र लगायत बोलपत्र फाराममा उल्लेखित अन्य आवश्यक प्रमाणित कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

१) बोलपत्र फाराम खरीद गर्नको लागि निर्माण व्यवसायी आफैं वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ।
२) बोलपत्र फाराम नगरपालिका कार्यालयबाट मिति २०७७/०४/२७ गते कार्यालय समय भित्र खरिद गरी मिति २०७७/०४/२८ गते मध्यान्ह १२:०० बजे सम्ममा नगरपालिका कार्यालयमा पेश गर्नु पर्ने छ। दर्ता भएका सिलबन्दी बोलपत्रहरु निजको वारेसको उपस्थितिमा नगरपालिका कार्यालयमा मिति २०७७/०४/२८ गते अपरान्ह २:०० बजे खोलिनेछ। निर्माण व्यवसायी वा वारेसको उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन।
३) तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) सिलबन्दी बोलपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ।
४) सिलबन्दी बोलपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टि कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।
५) सिलबन्दी बोलपत्र साथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत) ले हुने रकम यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक टेकुमा रहेको धरौटी खाता नं. १७००३०३००३००५ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको बोलपत्रको हकमा कम्तीमा १२० दिन मान्य अवधी रहेको बैंक जमानी पत्र संलग्न भएको हुनुपर्नेछ।
६) बोलपत्रमा कबोल अंक मूल्य अभिवृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्नेछ।
७) बोलपत्र सम्वन्धी विस्तृत सूचना यस नगरकार्यपालिकाको कार्यालयको website www.kirtipurmun.gov.np र सूचना पाटीमा टाँस गरिएको छ।
८) यस बोलपत्र सम्बन्धी अन्य कुनै पनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा योजना तथा प्राविधिक शाखा/खरिद ईकाई वा फो.नं. ४३३२२०५ मा सम्पर्क राख्न सकिनेछ।
९) बोलपत्र स्वीकृत गर्ने, नगर्ने आंसिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
१०) यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) | बोलपत्र फाराम खरीद मूल्य (पछी फिर्ता नहुने) |
|---|---|---|---|---|
| १. | KRM – 51/076/077 | ढल्पा गणेशस्थान ( कारःध सडक बाटो ढलान (बाँकी) | २८,०७,४७२।०० | ३०००।- |

## सूचना ! सूचना ! !

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित यस "नगर सन्देश" बुलेटिनबारे केही सरसल्लाह वा प्रतिक्रियाहरू छन् भने कृपया तलको ठेगानामा आइपुग्ने गरी पठाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ।

सम्पर्कको लागि
कीर्तिपुर नगरपालिका भवन
फोनः ४३३११८९
ईमेल
nagarsandes@gmail.com

# रेडियो शिक्षा कार्यक्रम र विद्यार्थीको पहुँच

एम.जुजु

कीर्तिपुर नगरपालिकाले पनि हजारौं बालबालिकाहरूलाई शिक्षण सहजीकरण गर्दै सिकाइका वैकल्पित कार्यक्रम ल्याउनुपर्छ भनेर कुरा उठाइरहँदा समय कम चुनौतिपूर्ण थिएन। अहिले पनि कोरोना महामारीको रुप झन जटिल र भयावहनै छ। आर्थिक वर्षको अन्तिम असार महिनाको मध्य समय सिङ्गो नगरपालिका महामारीसँग लडिरहेको बेला असार २१ गुरुपूर्णिमाका दिन देखि रेडियो शिक्षा कार्यक्रम नेवाः एफ.एम.बाट प्रसारण प्रारम्भ भएको हो।

आज चौथो हप्तामा चलिरहँदा शिक्षक, अभिभावक तथा विद्यार्थीहरूबाट निरन्तरता दिनुपर्ने कुरा पनि उठिरहेको छ। सामान्यतया अधिकांश विद्यार्थीहरूले सुनिरहेको नै प्रतिक्रिया प्राप्त भएको छ। कार्यक्रम राम्रो रहेको तथा शिक्षकहरूले मिहेनतपूर्वक प्रस्तुतीकरण गरिरहनु भएको पृष्ठपोषण आइरहेका छन। अधिकाशं सामुदायिक विद्यालयका शिक्षकहरूनै सिकाई सहजीकरण कक्षामा संलग्न भएबाट अप्ठेरो समयमा राज्यकोषबाट सुविधा लिनेहरूनै अग्रसर हुनुपर्छ र हुँदारहेछन् भन्ने तथ्य पनि प्रमाणित भएको छ, यद्दपि सार्वजनिक गुठीका रुपमा सञ्चालित नेपाल एपिएफ विद्यालय यसको अपवादमा आफूलाई उभ्याई नगर बासीको मन जित्न सफल भएको छ। शिक्षण सिकाईमा संलग्न करीब ६० जना मध्ये ५० जना शिक्षक सामुदायिक विद्यालयहरूबाटनै हुनु र २ जना प्रधानाध्यापक स्वयंले पनि कक्षा लिदै आउनुभएको पनि छ। प्रारम्भिक बाल बिकास तहका शिक्षक सहजकर्ताहरूको योगदान पनि स्मरणीय रही आएको छ।

कसैले चाहँदैमा मात्र तत्काल विद्यालय खोलिहाल्न सकिने अवस्था नरहेको यस अवस्थामा कार्यक्रम चलाउनु मात्र ठूलो कुरा होइन। बढी भन्दा बढी अभिभावक विद्यार्थीमा पहुँच पुऱ्याउनु महत्त्वपूर्ण कुरा हो तसर्थ सबैले यसका लागि आ-आफ्नो ठाउँबाट साथ र सहयोगको अपेक्षा




कीर्तिपुर नगरपालिका र शिक्षा शाखाले गरेको छ।

नगरका सबै प्रधानाध्यापक, प्रिन्सिपल, शिक्षकवर्ग, विद्यालय व्यवस्थापन समिति पदाधिकारी, वडा अध्यक्षज्यूहरू, वडा सदस्यज्यूहरूले समेत आवश्यक पहल गरिदिनु भएको छ, गरिरहनुभएको छ। यसका लागि नगरपालिका सबैमा कृतज्ञता ज्ञापन गर्दछ साथै वडा कार्यालयमा आउने सबै अभिभावकवर्गमा यो सूचना पुऱ्याई सहयोग गर्नुहुन दशै वडाका वडा सचिव लगायतका कर्मचारी साथीहरूमा हार्दिक अनुरोध पनि छ।

विद्यार्थीलाई पहुँचमा सहजता ल्याउन निम्न तरीका अपनाउन सकिने बेहोरा अनुरोध छ।

१. नेवाः एफ.एम. १०६.६ ट्यून गरि सुन्न।
२. मोबाइलमा हाम्रो पात्रो एप डाउनलोड गरी हाम्रो रेडियोमा नेवाः एफ.एम.सुन्न।
३. वाउ टाइम्स (wow times) एप मोबाइलमा डाउनलोड गरी नेवाः एफ.एम.सुन्न।
४. कीर्तिपुर न.पा. शिक्षा शाखाको फेसबुक पेजमा मन लागेको बेला हेर्न र सुन्न।
५. हाम्रो कीर्तिपुर झीगु किपू फेसबुक पेजमा हेर्न र सुन्न।
६. यूट्युवमा मन लागेको बेला सुन्न।

विद्यार्थीवर्गको अनुरोधमा रेडियो शिक्षा कार्यक्रम मिति २०७७ साउन ९ गते देखि हरेक दिन बिहान ९ बजे देखि १२ बजे सम्म प्रशारण हुने व्यहोरा अनुरोध छ।

**तालिका**

बिहान ९:०० बजे- कक्षा ६

९:३० - कक्षा ७

१०:०० - कक्षा ८

१०:३० - कक्षा ९

११:०० - कक्षा १०

११:३० - ईसिडि सहजीकरण छलफल

पुनः प्रशारण हरेक दिन साँझ ६ बजे देखि क्रमशः ॥

# एसिड आक्रमबाट घाइतेलाई नगर प्रमुख महर्जनले भेटे

कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले हालै काठमाडौंको बाफलमा एसिड आक्रमणमा परेकी युवतीलाई भेटी स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको छ। गत साउन ८ गते बिहीबार साँझ एसिड आक्रमणमा परेकी ओखलढुङ्गाकी २२ वर्षिय युवतीलाई सोही दिन उपचारका लागि कीर्तिपुर अस्पताल ल्याइएको थियो।

सीतापाइला बस्दै आएकी उनलाई भारतको विहार घर भई डल्लु बस्दै आएका फैयाज आलमले एसिड प्रहार गरेको प्रहरीले बताएको छ।

एसिड आक्रमणबाट अनुहारको दायाँपट्टिको भाग जलेको उनको निःशुल्क उपचारको व्यवस्था मिलाएको अस्पतालका अध्यक्ष तथा कीर्तिपुर नगरपालिकाका प्रमुख महर्जनले बताउनुभयो। नेपालको कानुन बलियो नभएकोले यस्ता घटनाहरू भैरहेको बताउँनुहुदै प्रमुख महर्जनले कानुन बलियो बनाउनु पर्नेमा जोडदिनु भयो। साथै विरामीलाई आत्मबल बलियो बनाउन समेत सुझाव दिनुहुँदै दोषिलाई कारबाही हुने कुरामा विश्वास व्यक्त गर्नुभयो।

---

किपू नगरबयालिका
कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाण्डौ।
३ नं. प्रदेश, नेपाल।

पत्र संख्या: ०७६/०७८
च.नं.: १०५

मिति: २०७७/०४/०६

**रोजगार सेवा केन्द्र**

**बेरोजगारी व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन पेश गर्ने बारेमा अत्यन्त जरुरी सूचना**

उपरोक्त सम्बन्धमा रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११ रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७७/०७८ मा संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रदान गरिने १०० दिन बराबरको न्युनतम रोजगारीमा संलग्न हुन चाहेमा १८ वर्षदेखि ५९ वर्षसम्मका इच्छुक बेरोजगार व्यक्तिले बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन सम्बन्धित वडा कार्यालयमा २०७५ चैत्र मसान्त सम्ममा तोकेको ढाँचाको निवेदन पेश गर्नुहुन मिति २०७६/११/३० गते सूचना प्रकाशित भएको तर विश्वव्यापी महामारी कोभिड–१९का कारण सबै प्रकियाहरू स्थगित भएको अवस्थामा पुनः उक्त प्रकृया २०७७ श्रावण ८ गतेदेखि २०७७ भाद्र ७ गते सम्म कायम गरिएको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त फारम सबै वडा कार्यालयमा विहान १० बजेदेखि दिउँसो ५ बजेसम्म निःशुल्क पाइने व्यहोरा पनि अवगत गराइन्छ। फारमसँगै तपसिल बमोजिमको कागजातहरू संलग्न गरी पेश गर्नु पर्नेछ।

तपसिल

- नेपाली नागरिकताको प्रतिलिपी १ प्रति
- पासपोर्ट साईजको फोटो १ प्रति
- बसाई सराई गरेर आएको भएमा बसाई सराईको प्रमाणपत्रको प्रतिलिपी १ प्रति
- शैक्षिक योग्यताको हकमा शैक्षिक प्रमाणपत्रको प्रतिलिपि (नभए अनिवार्य छैन १ प्रति)
- कुनै तालिम लिएको वा काम गरेको अनुभव भएमा सो को प्रतिलिपी १ प्रति

थप जानकारीको लागि
केदार बुढाथोकी
रोजगार संयोजक
कीर्तिपुर नगरपालिका, कीर्तिपुर
फोन नं: ०१४३३१११०

नोटः आर्थिक वर्ष २०७७/०७८ का लागि न्युनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७६ चैत्र १० गते सम्म बन्दाबन्दी शुरु हुनुभन्दा अगाडि नियमनुसार रोजगार सेवा केन्द्रमा निवेदन दिएका व्यक्तिले पुनः निवेदन दिई रहनु नपर्ने।


ध्रुवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

---

**सुचं ! सुचं !!**

**किपू नगरपालिकाया ख्वाःपौ थुगु नगर सन्देश बुलेटिनयात कयाः छुं नं कथंया सरसल्लाह वा प्रतिक्रिया बियादीत इनाप यानच्वना।**

स्वापूया निर्तिं :
**किपू नगरपालिका भवन**
● फोन : ४३३११८९
ई-मेल :
nagarsandes@gmail.com




कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● Facebook : facebook.com/kirtipurmun ● Facebook : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com